## पाँचौ नगर सभा बैठकबाट स्वीकृत

# स्थानीय तहका कर्मचारी व्यवस्थापन ऐन-२०७८


## ईशनाथ नगरपालिका

नगर कार्यपालिकाको कार्यालय

औरैया, रौतहट

# स्थानीय राजपत्र

खण्ड ४) ईशनाथ नगरपालिका, असार १० गते, २०७८ साल (संख्या १

# ईशनाथ नगरपालिका, औरैयाद्वारा प्रकाशित

## भाग - १

**ईशनाथ नगरपलिका, औरैया**

**संवत् २०७८ सालको ऐन नं. १**

**ऐनको नाम : ईशनाथ नगरपालिकाको स्थानीय तहका कर्मचारी व्यवस्थापन ऐन, २०७८**

**प्रस्तावना :**

साविकको स्थानीय निकायमा सेवा प्रवेश गरी हालसम्म स्थानीय तहमा कार्यरत कर्मचारीहरुको समायोजन, तह मिलान र वढुवा जस्ता वृति विकासका विषयमा देखिएको अस्पस्टता, जटिलता र असमानता हटाई स्थानीय तहमा कार्यरत कमृचारीहरुको व्यवस्थापनलाई समान, न्यायोचित र एकिकृत गरी कर्मचारीहरुको मनोबल उच्च गराउन कानूनी व्यवस्था गर्न बान्छनीय भएकोले समायोजन ऐन, २०७५ को दफा २३ मा भएको व्यवस्था वमोजिम स्थानीय सरकार संचालन ऐनको दफा १०२ को उपदफा (१) बमोजिम ईशनाथ नगरसभाले यो ऐन वनाई लागु गरेको छ ।

१. **संक्षिप्त नाम र प्रारम्भ :**

(१) यस ऐनको नाम : ईशनाथ नगरपालिकाको स्थानीय तहका कर्मचारी व्यवस्थापन सम्वन्धी ऐन, २०७८ हुनेछ ।

(२) यो ऐन तुरुन्त प्रारम्भ हुनेछ ।

२. **परिभाषा : विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस ऐनमा**

(क) "कर्मचारी" भन्नाले साविकको स्थानीय निकाय (जिल्ला विकास समिति, नगरपालिका र गाउँ विकास समिति) मा स्थायी नियूक्त भई यो एन जारी हुँदाको वखतसम्म ईशनाथ नगरपालिकामा कार्यरत रहेका स्थायी कर्मचारी सम्झनु पर्दछ ।

(ख) "समायोजन ऐन" भन्नाले संघीय सरकारवाट कर्मचारी समायोजनका लागि जारी भएको कर्मचारी समायोजन ऐन, २०७५ लाई सम्झनु पर्दछ ।

(ग) "नगर सभा" भन्नाले ईशनाथ नगरपालिकाको नगर सभा सम्झनु पर्दछ ।

(घ) "कार्यपालिका" भन्नाले ईशनाथ नगरपालिकाको नगरकार्यपालिका सम्झनु पर्दछ ।

(ङ) "प्रमुख प्रशासकीय अधिकृत" भन्नाले ईशनाथ नगरपालिकाको प्रमुख प्रशासकीय अधिकृत सम्झनु पर्दछ ।

(च) "स्थानीय तह" भन्नाले ईशनाथ नगरपालिकालाई सम्झनु पर्दछ ।

(छ) "न्युनत्तम शैक्षिक योग्यता" भन्नाले प्रचलित कानुन बमोजिम हाल कार्यरत पदमा सेवा प्रवेश गर्दा आवश्यक पर्ने न्युनत्तम शैक्षिक योग्यतालाई सम्झनु पर्दछ ।

(ज) "कर्मचारी व्यवस्थापन" भन्नाले साबिक स्थानीय निकायबाट स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ८५ बमोजिम स्थानीय तह ईशनाथ नगरपालिकामा स्वतः समायोजन भै तह मिलान नभएका स्थायी कर्मचारीहरुलाई दफा ४ बमोजिम हुने तह बृद्धि/स्तर बृद्धि/ग्रेड थप समेतलाई सम्झनु पर्दछ ।

३. **संगठन संरचना तथा कर्मचारी दरबन्दी :**

यस ऐन बमोजिम हुने स्तरवृद्धि वा तहवृद्धि हुने कर्मचारीहरुको हकमा संगठन तथा संरचनाको अध्ययन भै नगरसभाले स्वीकृत नगरेसम्म स्वतः पुल दरबन्दीमा कायम रहनेछन् ।

४. **समायोजन तह मिलान सम्बन्धी व्यवस्था :**

(१) स्थानीय सरकार संचालन ऐन, २०७४ जारी हुनु भन्दा अगाडि स्थानीय निकायको स्वीकृत दरबन्दीमा स्थायी नियूक्त भएका साविकका स्थानीय निकायका कर्मचारीहरुलाई यो ऐन जारी भएको मितिबाट जेष्ठता गणना हुने गरी एक पटकका लागि मात्र देहाय बमोजिम समायोजन, तह मिलान तथा ग्रेड बृद्धि गर्ने र यसरी तह मिलान तथा ग्रेड बृद्धिबाट थप हुने दायित्व नगरपालिकाबाट व्यहोर्नु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम सुविधा उपलबध गराउँदा नियूक्ति, शैक्षिक योग्यता, सेवा अवधि र कार्यसम्पादन मूल्याङ्कन समेतका आधारमा सेवा समूहसँग मिल्दो पदमा तह मिलान वा स्तरवृद्धि गरिनेछ ।

प्रमाणिकरण

(३) उपदफा (१) बमोजिमको स्तरबृद्धि वा तह वृद्धि वा ग्रेड थप गर्दा पछिल्लो ३ वर्षको कार्यसम्पादन मूल्याङ्कनमा औषत न्युनत्तम ९० प्रतिशत अंक प्राप्त गरेको हुनु पर्नेछ ।

(४) यो ऐन जारी भएको मिति सम्म स्थायी सेवा अवधि वर्ष पुरा भएको हुनु पर्नेछ ।

(५) उपदफा (१) बमोजिमको तहबृद्धि वा स्तरबृद्धि वा ग्रेड थप गर्दा देहायको मापदण्डको आधारमा गर्नु पर्नेछ ।

| सि. नं. | साविकको तह | हाल समायोजन तह मिलान/स्तरबृद्धि हुने तह | थप ग्रेड | आवश्यक न्युनत्तम शैक्षिक योग्यता |
|---|---|---|---|---|
| १ | श्रेणी विहिन | श्रेणी विहिन | २ | - |
| २ | सहायकस्तर तेस्रो | सहायक स्तर चौथा | - | मान्यता प्राप्त शिक्षण संस्थावाट एस.ई.ई. वा सो सरह उतीर्ण |
| ३ | सहायक स्तर चौथो | सहायक स्तर पाँचौ | - | मान्यता प्राप्त शिक्षण संस्थावाट एस.इ.ई. वा सो सरह उतीर्ण |
| ४ | सहायक स्तर पाँचौं | अधिकृत स्तर छैठौं | - | मान्यता प्राप्त शिक्षण संस्थावाट प्रविणता प्रमाणपत्र वा सो सरह उतीर्ण |
| ५ | अधिकृत स्तर छैठौं | अधिकृत स्तर सातौं | - | मान्यता प्राप्त शिक्षण संस्थावाट स्नातक तह वा सो सरह उतीर्ण |

द्रष्टव्य : प्राविधिक तर्फ तह वृद्धि हुने कर्मचारीको हकमा सम्वन्धीत तहको प्राविधिक विषय उतीर्ण गरेको हुनु पर्नेछ र शैक्षिक योग्यता तथा सेवा अवधि नपुगेका कर्मचारीको हकमा २ ग्रेड थप गरिनेछ ।

५. **समायोजन तह मिलान/स्तरबृद्धि पत्र दिने :**

(१) यस ऐन बमोजिम समायोजन तह मिलान भए पश्चात स्थानीय तहका कर्मचारीहरुलाई प्रमुख प्रशासकीय अधिकृतले समायोजन तह मिलान भएको पत्र ७ दिन भित्र पत्र दिनु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम दिईने पत्र अनुसूची-१ बमोजिम हुनेछ ।

६. **तह मिलान गरिने :** यस ऐन बमोजिम समायोजन तह मिलान भए पश्चात नगरपालिकाले संगठन संरचना र दरबन्दी पुनरावलोकन गरी नगर सभाबाट संगठन संरचना स्वीकृत भए पछि पदस्थापना गर्ने र सो अवधि सम्म तह मिलान भएका कर्मचारीहरुलाई स्वतः पुल दरबन्दीमा कायम गरिनेछ ।

७. **समायोजन तह मिलान भएका कर्मचारीहरुको सेवा सुबिधा :**

यस ऐन बमोजिम समायोजन तह मिलान भएका स्थानीय तहका कर्मारीहरुको तलव तथा अन्य सुबिधा कानून बमोजिम हुनेछ ।

प्रमाणिकरण

८. **जेष्ठता गणना :** समायोजन तह मिलान भए पश्चात हुने पदको जेष्ठता समायोजन तह मिलान भएको मिति देखि गणना गरिनेछ ।

९. **सुबिधा सम्बन्धी :** तह मिलान गर्दा साविकमा खाई पाई आएको तलव र हालको तहमा मिलान हुदाको तलव बराबर भएमा एक ग्रेड थप गरिने छ र हालको तह मिलान भए पछि तलव बढि भएमा जति वढि हुन आउँछ सो रकम थप गरी एक ग्रेड थप हुनेछ ।

१०. **खारेजी र बचाउ :** यो ऐन नेपालको संविधान, संघीय कानून र प्रदेश कानून सँग बाझिएमा बाझिएको हदसम्म अमान्य हुनेछ ।

**अनुसूची - १**

**दफा ५ को उपदफा (२) सँग सम्बन्धीत**

**समायोजन तह मिलानपत्र**

पत्र संख्या :

चलानी नं.: मिति :........

श्री..................

......................

विषय : समायोजन तह मिलान गरीएको सम्वन्धमा ।

ईशनाथ नगरपालिकाको स्थानीय तहका कर्मचारी व्यवस्थापन ऐन, २०७८ बमोजिम मिति.................. देखि जेष्ठता लागु हुने गरी तपाईलाई ईशनाथ नगरपालिकाको तपसिल वमोजिमको पद तथा तहमा समायोजन तह मिलान/स्तरवृद्धि गरिएको छ । आफूलाई तोकिएको जिम्मेवारी प्रचलित कानुनको अधिनमा रही इमान्दारीतापूर्वक सम्पादन गर्नु हुनेछ भन्ने अपेक्षा गरिएको छ । समायोजन/स्तरवृद्धि तह मिलान हुनु भएकोमा वधाई छ ।

| साविकको विवरण | समायोजन तह मिलान पछिको विवरण |
|---|---|
| पद : | पद : |
| तह : | तह : |
| सेवा : | सेवा : |
| समूह : | समूह : |

................................

प्रमुख प्रशासकीय अधिकृत

वोधार्थ :

श्री संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय, सिंहदरवार, काठमाण्डौं

प्रमाणिकरण

श्री मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, जनकपुरधाम, धनुषा नेपाल
श्री प्रदेश लोकसेवा आयोग, जनकपुरधाम, धनुषा
श्री कर्मचारी संचय कोष, ठमेल, काठमाण्डौं
श्री नागरिक लगानी कोष, नयाँ बानेश्वर, काठमाण्डौं
श्री आर्थिक प्रशासन शाखा, ईशनाथ नगरकार्यपालिकाको कार्यालय, औरैया, रौतहट

प्रमाणिकरण मिति : २०७८/०३/१०

आज्ञाले
रामजी जोशी
प्रमुख प्रशासकीय अधिकृत